# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) सुर्खेत, कार्तिक १० गते, २०७८ साल (संख्या १०

## भाग-३

### कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिद्को कार्यालय

### मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७८

**प्रस्तावना:** मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ७ मा संशोधनः</u>** मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ७ को उपदफा (१) को खण्ड (ग) झिकिएको छ।

३. **<u>मूल कार्यविधिको दफा १० मा संशोधनः</u>** मूल कार्यविधिको दफा १० को खण्ड (क) झिकिएको छ।

४. **<u>मूल कार्यविधिको दफा ११ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ११ को खण्ड (क) झिकिएको छ।

५. **<u>मूल कार्यविधिको दफा १२ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १२ को खण्ड (घ) र (ङ) को सट्टा देहायका खण्ड (घ) र (ङ) राखिएका छन्ः-

"(घ) लाभग्राहीले आफूहरुमध्येबाट सर्वसम्मत् रुपमा छनौट गरेका तीनजना व्यक्ति - सदस्य

(ङ) लाभग्राहीले आफूहरुमध्येबाट सर्वसम्मत् रुपमा छनौट गरेको व्यक्ति - सदस्य-सचिव"

६. **<u>मूल कार्यविधिमा दफा २२ क. र २२ ख. थपः</u>** मूल कार्यविधिको दफा २२ पछि देहायका दफा २२क. र २२ख. थपिएका छन्ः-

"२२ क. **<u>कार्यक्रमको निरन्तरताः</u>** कार्यक्रम आगामी आर्थिक वर्षमा निरन्तर रुपमा सञ्चालन हुनेछ। त्यसको लागि कर्णाली प्रदेश सरकारले आवश्यक बजेट व्यवस्था गर्नेछ र सोको कार्यक्रमगत तयारी तथा व्यवस्थापन गर्ने जिम्मेवारी उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय एवम् मन्त्रालयको हुनेछ।

२२ ख. **<u>कार्यक्रम सहजकर्ता वा परिचालक नियुक्त गर्न सक्नेः</u>** कार्यालयले कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रयोजनका लागि कार्यालयमा दक्ष जनशक्ति नभएको वा अभाव भएको अवस्थामा दफा १५ बमोजिमको सञ्चालन खर्चमा व्ययभार हुने गरी दफा ७ बमोजिमको समितिबाट निर्धारित शर्तको अधीनमा रही प्रचलित कानून बमोजिम छोटो समयावधिको लागि एक जना कार्यक्रम सहजकर्ता वा परिचालक नियुक्त गर्न सक्नेछ।"

७. **<u>मूल कार्यविधिको अनुसूचीमा संशोधनः</u>** मूल कार्यविधिको अनुसूची-२, ३ र ५ मा रहेका "दुई पक्ष बीचमा सामान्य

विवाद भएमा आपसी सहमतिमा समाधान गरिनेछ।" भन्ने शब्दहरु झिकिएका छन्।

**आज्ञाले,**

(आनन्द सारु)

प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित